# सखुवा प्रसौनी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

सखुवा प्रसौनी, पर्सा
मधेश प्रदेश, नेपाल

प.सं. ०७९/०८०
च.नं. १०२१

मितिः २०७९/०९/२०

### राष्ट्रिय परिचय-पत्र सम्बन्धी अत्यन्त जरुरी सूचना !

प्रस्तुत विषयमा यस सखुवा प्रसौनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सखुवा प्रसौनी, पर्साको कार्यालयमा राष्ट्रिय परिचय-पत्रको विवरण दर्ता स्टेशन स्थापना गरि यस सखुवा प्रसौनी गाउँपालिकामा स्थायी रुपमा बसोबास गर्ने नागरिकता प्रमाण-पत्र प्राप्त सबैको लागि मिति २०७९/०९/२० गते बुधबार देखि राष्ट्रिय परिचय-पत्रका लागि विवरण दर्ता अभियान संचालन गर्न लागेको हुँदा तपसिलमा उल्लेखित कागजात सहित उपस्थित हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

तपसिलः

१. नेपालि नागरिकताको प्रमाणपत्रको सक्कल (२०५८ पछिको नागरिकतामा स्टिकर नभएको मान्य नहुने)
२. बुबा/आमाको नागरिकताको प्रतिलिपी ।
३. नागरिकताको प्रमाण-पत्रमा जन्म मिति नखुलेको हकमा सो खुल्ने प्रमाणपत्र वा वडा कार्यालयको सिफारीस ।
४. राहदानी लिएको भए सो को सक्कल वा नक्कल ।
५. बसाईसराईको हकमा बसाईसराई सक्कल (२०४० साल भन्दा पहिला बसाईसरई गरेको हकमा मात्र वडाको बसाई प्रमाणितले काम गर्ने र २०४० पछि बसाईसराई गरेकोले अनिवार्य बसाईसराई प्रमाणपत्र पेश गर्नु पर्ने) ।
६. बिवाहितको हकमा नागरिकतामा पति/पत्नीको नाम उल्लेख नभएकोमा विवाह दर्ता प्रमाण-पत्र अनिवार्य सक्कल।
७. एकल महिला/पुरुषको हकमा मृत्यू दर्ताको सक्कल प्रति अनिवार्य ल्याउनु पर्ने ।

देवनाथ साह
प्रमुख प्रशासकीय अधिकृत

देवनाथ साह
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
श्री वडा कार्यालय सबै ।(वडावासीहरुमा व्यापक जानकारीको व्यवस्था मिलाई दिन हुन ) ।
श्री गाउँपालिका अध्यक्ष/उपाध्यक्ष/वडा अध्यक्ष ज्यू (जानकारीको लागि) ।